# जैविक विविधता संरक्षण गर्न
# निल गाईलाई बचाऔं



| | | |
|---|---|---|
| Kingdom | : | Animalia |
| Phylum | : | Chordata |
| Class | : | Mammalia |
| Order | : | Artiodactyla |
| Family | : | Bovidae |
| Subfamily | : | Bovinae |
| Genus | : | Boselaphus |
| Species | : | *B. tragocamelus* |
| Binomial name | : | Boselaphus tragocamelus |

## १) निलगाईको परिचय :

निलगाई शितोष्ण र समशितोष्ण हावापानीमा पाइने जनावर हो । यो जनावर दक्षिण एसियामा मुख्य गरी नेपालको तराई भाग, पाकिस्तानको उत्तर पूर्वी भाग र भारतको लगभग सबै भागमा पाइन्छ । नेपालका संरक्षित क्षेत्रहरूमध्ये पूर्वमा कोशीटप्पु वन्यजन्तु आरक्ष, मध्यमा पर्सा वन्यजन्तु आरक्ष र चितवत राष्ट्रिय निकुञ्ज तथा पश्चिममा बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज तथा शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पाइन्छ । यो जनावर विशेष गरेर घाँसे मैदान, नदी किनार क्षेत्र र समशितोष्ण मिश्रित वनमा पाइन्छ । संरक्षित क्षेत्रभन्दा बाहिर तराईका जिल्लाहरू मुख्य गरी नवलपरासी, रुपन्देही, कपिलवस्तु, बर्दिया, कैलाली र कञ्चनपुरमा पाइन्छ ।

निलगाई एसियामा पाइने हरिणहरूमध्ये सबैभन्दा प्रजाति हो । यसको संख्या न्यून र वितरण क्षेत्र सीमित भए पनि IUCN को Red Data Book मा कम चासोको सूचीमा राखिएको छ । निलगाईलाई तराईका केही गाउँमा निलगाई र घोडगधा पनि भन्दछन् । कुनै कुनै ठाउँमा निलो साँढेको रूपमा पनि चिनिन्छ । बोलीचालीको भाषामा निलगाई भन्ने गरिएता पनि यो जनावरका आमा र बच्चा खैरो रङ्गका हुन्छन् भने भाले हल्का निलो रङ्गको हुन्छ । भालेमा सिङ्ग हुन्छ भने पोथीमा हुँदैन ।

## २) बसोबास र आहार :

निलगाईले कलिलो घाँसपात, फलहरू खाने गर्दछन् । त्यसैगरी खेतीपाती गरिने अन्नबालीहरू मध्येमा विशेषगरी धान, दाल, गहुं खान रुचाउँछ । निलगाई घना जंगल भन्दा पनि झाडीसँगै घाँसे मैदान, कम पहाडी इलाका र खेतीपाती हुने ठाउँमा पनि पाउन सकिन्छ । सामान्यतया रसिलो घाँसपात भएको सालको वनमा भेटिने गरिन्छ । तिनीहरू सिमसारमा विरलै पाउने गर्दछन् ।



## ३) बानी व्यहोरा :

निलगाई दिउँसोमा विचरण गर्न रुचाउने जनावर हो। निलगाईका बथानहरू सधैं स्थिर रहँदैनन्। छुट्टिने र गाभिने प्रक्रिया बथानमा चलिरहन्छ। प्राय:जसो पोथी र बच्चाहरू सानोदेखि ठूलो बथानमा बस्ने गर्दछन् भने वयस्क भालेहरू एक्लै, २-३ को संख्यामा र पोथीहरूको बथानमा मिसिने र छुट्टिने गरिरहन्छन्। भाले र पोथीहरू आफ्नो क्षेत्र छुट्टाएर बस्ने गर्दछन्। साधारणतया निलगाई ४-५ वर्ग कि.मी.को होम रेञ्ज (वितरण क्षेत्र) मा बस्ने गर्दछन्।

## ४) प्रजनन :

प्रजनन शरद ऋतुदेखि प्रारम्भिक हिउँद ऋतुसम्म हुन्छ। ५०% जति जुम्ल्याहा जन्मने गर्दछन् भने कहिलेकाहीं १ देखि ३ वटासम्म पनि जन्मने गर्दछन्। पोथीहरू गर्भाधानको अन्तिम अवस्थामा छुट्टिएर बस्ने गर्दछन्। बच्चाको तौल सामान्यतया १४-१६ केजी हुने गर्दछ। पोथीहरूमा दुई वर्षको उमेरमा वयस्क हुन्छन् भने भालेहरूमा तेस्रो वर्षमा वयस्क हुने गर्दछन्। निलगाईहरू जंगलमा १२ देखि १३ वर्षसम्म बाँच्न सक्दछन् भने पालेर राखेको खण्डमा २१ वर्ष जति बाँच्न सक्दछन्।

## ५) अन्तरप्रजाति सम्बन्ध :

निलगाई खुला फाँटमा कृष्णसारसँग देख्न सकिन्छ। त्यसैगरी तराई भागमा तिनीहरूलाई चित्तल र लगुनासँग देख्न सकिन्छ। तुलनात्मक रूपमा चित्तल र लगुनाहरू निलगाईभन्दा साना हुन्छन् र ठूलो आकार भएको निलगाईसँग आदरात्मक दुरी बनाई राख्दछन्। निलगाई बाघको रुचाइएको राम्रो आहारा हो। निलगाईका अन्य शिकारीहरूमा ब्वाँसो र हुँडार पर्दछन्।

## ६) निलगाई र मानव बीचको सम्बन्ध :

नेपालको तराई भागमा केही आदिवासीले आफ्नो आहाराको रूपमा प्रयोग गर्ने गरेको इतिहास भएता पनि हाल यसलाई मार्न र खान पाइँदैन। तथापि सामान्य शिकार अनुज्ञापत्र लिई नेपाली तथा विदेशी नागरिकले महाभारत श्रृंखलादेखि दक्षिण सीमा क्षेत्रफलसम्म १५-२१ दिनसम्म शिकार गर्न पाइने कानूनी व्यवस्था छ।






**धन्यवाद ज्ञापनः**

यो अध्ययन र पुस्तिका प्रकाशन गर्नमा Rufford Small Grant को आर्थिक सहयोग रहेको हुँदा Rufford Small Grant लाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो अध्ययन गर्नका लागि अनुमति प्रदान गर्नुहुने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, शुक्लाफाँटा वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्र र स्थानीय समुदाय र राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत शुक्लाफाँटा संरक्षण कार्यक्रमलाई विशेष धन्यवाद दिन चाहन्छु ।


The Rufford Foundation


**अनुसन्धान कर्ता एवं प्रकाशित गर्नेः कल्पना विष्ट**